**आठराई त्रिवेणी गाउँपालिकाको गाउँसभाको बर्खे अधिवेशनमा निर्णयार्थ प्रस्तुत प्रस्ताव**

**सभामा पेश मितिः२०८१/०३/१०**

# नीति तथा कार्यक्रमहरू

आठराई त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम **"समृद्ध आठराई त्रिवेणी सुखी पालिकाबासी"**, मा उपस्थित आठराई त्रिवेणी गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु आठराई त्रिवेणी गाउँपालिकाको वर्खे अधिवेशनमा हार्दिक स्वागत गर्दछु। यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा वलिदानी गर्ने शहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दे नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतान्त्रिक आन्दोलनहरुको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुलाई उच्च सम्मान व्यक्त गर्दछु, साथै नेपाली समाजको रुपान्तरणका लागि पुर्याउनु भएको उच्च योगदानको पुनःस्मरण गर्न चाहन्छु । गाउँवासीले दिएको अगाध माया र ममताबाट प्रेरित भई मैले आठराई त्रिवेणी गाउँपालिकालाई समुन्नत र समृद्ध गाउँपालिकाको रुपमा अघि बढाउन केही महत्वपूर्ण नीति तथा कार्यक्रम यस गाउँ सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**नीति तथा कार्यक्रम**

आठराई त्रिवेणी गाउँपालिकाको आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै गाउँवासीको सर्वोपरी हितलाई केन्द्रभागमा राखी तयार पारिएको छ । नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन,२०७४,अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४, दिगो विकास लक्ष्य,स्थानीय विकास रणनीति, नेपाल सरकारको पन्ध्रौ योजना तथा १६ औ पञ्च वर्षिय योजनाको आधारपत्र र संघ तथा प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रम,गत आ.व का नीति तथा कार्यक्रमहरु र बजेट कार्यक्रमहरु बुद्धिजीवी,नागरिक समाज तथा विभिन्न क्षेत्रका ब्यक्तिहरु र माध्यमबाट प्राप्त राय तथा सुझाव लाई समेत मार्गदर्शनको रुपमा लिएको छु ।

सुशासन नै लोकतन्त्रको मुख्य आधारस्तम्भ भएकोले आठराई त्रिवेणी गाउँपालिकाबाट हुने शासन,विकास र सेवा प्रवाहमा जवाफदेहीता,पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै न्याय र नैतिकतामा आधारित सदाचारयुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । गाउँपालिकाका सम्पदा र संस्कृतिलाई सम्वर्धन एवं प्रवर्धन गर्दै समृद्ध गाउँ निर्माण गर्ने नीति मार्फत गाउँपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । गाउँका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा बातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । गाउँ निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार

संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ । अघिल्लो बर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि स्थानीय ऐन कानुन नियमावली तथा निर्देशीका तयार गर्नुका साथै दीर्घकालीन महत्वका कार्यहरुको शुरुवात भएको जानकारी गराउन चाहन्छु । आठराई त्रिवेणी गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न गाउँसभा, गाउँकार्यपालिका, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, गाउँकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु, र आवश्यकतानुसार कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । गाउँपालिकाद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजीवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरु, आठराई त्रिवेणी गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य र विभिन्न व्यक्तित्वहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसात गरि आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।
गाउँपालिकाका आवश्यकता तथा गाउँवासीको चाहनालाई आत्मसात गर्दै हरेक बर्ष कुनै न कुनै विकासका नयाँ अवधारणा ल्याइनेछ र त्यो बर्ष उक्त अवधारणालाई मूर्तरुप दिन बर्षभरी नै विशेष कार्यक्रमहरुको आयोजना गरिनेछ । आगामी आर्थिक बर्ष युवा रोजगारीका लागि उद्यमशिलता संगै उत्पादनको वर्ष हुनेछ । निर्माण एवं गुणस्तरीयता अभिवृद्धिमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ । गाउँपालिकाबाट सम्पादन हुने कार्यहरुमा सहकार्य, साझेदारी, समन्वय, सम्प्रेषण र अनुगमनलाई मूख्य आधार बनाई कार्यान्वयन गर्नका लागि आठराई त्रिवेणी गाउँपालिकालाई थप कृयाशिल बनाइनेछ ।

नीति तथा कार्यक्रम बनाउदा निम्न विषयवस्तुलाई नीति तथा कार्यक्रममा समावेश गरिएको जानकारी गराउन चाहान्छुः

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।
२. उत्पादनमुलक तथा लागत प्रभावकारी दिगो विकासमा जोड दिने ।
३. जनताको जीवनस्तर,आम्दानी र रोजगारी बढ्ने ।
४. स्थानीय सहभागिता जुटने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
५. स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने ।
६. महिला बालबालिका तथा पिछिडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
७. लैगिक समानता, सामाजिक समावेशिकरणमा अभिवृद्धि हुने ।
८. दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुर्याउने ।
९. धार्मिक, भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र समाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने ।
१०. शिक्षा क्षेत्रमा प्रविधिकरण तथा शैक्षिक गुणस्तर बृद्धि गर्ने ।
११. कृषि तथा पशु आधुनिकीकरण तथा व्यवसायीकरण गर्न विभिन्न कार्यक्रम संचालन गर्ने ।
१२. खेल क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम तथा योजना तर्जुमा गर्ने ।

१३. स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई स्वस्थ्य पालिका बासी बनाउन,भौतिक निर्माण गर्ने, विभिन्न कार्यक्रमहरु संचालन गर्ने एवं जनशक्तिको व्यवस्थापन गर्ने ।

१४. पालिका भित्रका मुख्य सडकहरु बाह्रै महिना संचालन हुने गरि मर्मत सम्भार र स्तरउन्नती कार्य गर्ने ।

१५. सबै वडालाई विद्युतको राष्ट्रिय प्रसारण लाईनमा जोडने र उज्यालो गाउँपालिका बनाउने एवं घरायसी प्रयोजनमा खपत हुने विद्युत महसुल निः शुल्क गरिएको छ उक्त कार्यक्रमलाई आगामी आ.ब हरुमा पनि निरन्तरता दिइनेछ ।

१६. स्वच्छ खानेपानी विस्तार गर्नका लागि एक घर एक धारा कार्यक्रम संचालन गर्ने ।

१७. पूर्वाधार विकासका निम्ति वार्षिक बजेट कार्यक्रममा रहेका योजनालाई मितव्ययी , पारदर्शी, लागत प्रभावकारी , प्राविधिक स्टिमेट र गुणस्तरमा तादम्यता हुने गरी कार्यान्वयनमा ल्याउने ।

१८. विपत व्यवस्थापन गर्नका लागि पूर्व तयारी गर्ने, विपतको अवस्थामा तत्काल राहत उपलब्ध गराउने, उद्धार गर्ने शासनका सहयात्री सँग समन्वय गरी पुनः निर्माण र पुनस्थापनाको कामलाई अगाडी बढाउने ।

१९. आन्तरिक आय बृद्धि गर्ने उद्देश्यदले पर्यटन पूर्वाधार विकासका लागि भएका प्राकृतिक पर्यटकीय क्षेत्रको पहिचान, विकास तथा विस्तार गर्ने एवं कृत्रिम पर्यटन पूर्वाधार निर्माण गर्ने ।

२०. कार्यालयको सुः शासन प्रबर्द्धनमा सूचना प्रविधिको प्रयोग गर्ने ।

२१. प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा अध्ययनमा आधारित रहि दिगो विकासको अवधारणालाई आत्मसाथ गर्ने ।

२२. गर्भवती महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

२३. अन्य पालिकाबाट बसाई सरी आउनेहरुको लागि प्रोत्सान स्वरुप प्रत्येक परिवारलाई रु ५० हजार रुपैयाँ उपलब्ध गर्ने व्यवस्था मिलाईनेछ ।

२४. प्रत्येक मा.विहरुले पालिकाले पहिचान गरेको ठाउँमा सालमा १ हजार विरुवा वृक्षारोपण गर्ने ।

२५. जनता सँग पालिका अध्यक्ष कार्यक्रम प्रत्येक वडामा ४/४ महिनामा संचालन गरिनेछ ।

२६. विद्यार्थी सँग पालिका अध्यक्ष कार्यक्रम पालिका भित्रका प्रत्येक माध्यमिक विद्यालयहरुमा ४/४ महिनामा संचालन गरिनेछ ।

२७. सार्वजनिक सुनवाई, सामाजिक परिक्षण / सार्वजनिक परिक्षण, आन्तरिक नियन्त्रण सम्बन्धी कार्य निरन्तरता दिइनेछ ।

२८. समृद्ध आठराई त्रिवेणीको आधार कृषि, उद्यम र रोजगार भन्ने नाराका साथ प्रधानमन्त्री रोजगार कार्यक्रम सँगको साझेदारीमा एक घर एक रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. उपभोक्ता मार्फत सञ्चालन हुने कार्यक्रममा ७० % महिला अनिवार्य उपभोक्ता समितिमा रहने र समितिलाई तालिम तथा सहजिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. उपभोक्ता समितिहरुको दर्ता र सम्झौता वडा कार्यालयबाटै गर्ने व्यवस्था मिलाइनेछ ।

३१. गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरु, वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका कार्यालयहरुमा इन्टरनेट जडानका लागि बजेटको व्यवस्था गरिनेछ ।

स्थानीय सरकार घरदैलो नजिकको सरकार भएकाले गाउँपालिकाबासीको माग र आवश्यकताहरु धेरै छन् र रहन्छन् । तर हामीलाई प्राप्त सीमित स्रोतबाट एकैपटक सबैको सबै माग र आवश्यकतालाई सम्बोधन गर्न सकिदैन । धेरै क्षेत्रमा बजेट छरिएर जाँदा उपलब्धी त्यति नदेखिने, यसबाट लगानीको प्रतिफल समयमा प्राप्त गर्न नसकिने हुँदा विगतका अधुरा आयोजनाहरुलाई प्राथमिकता दिने साथै प्राप्त स्रोतहरुको अधिकतम परिचालन गर्दै त्यसबाट तत्काल सेवा प्राप्त गर्न सक्ने अवस्था सृजना गर्न मुख्य आवश्यकताहरु पहिचान गरी ठूला ठूला आयोजनाहरु र पुरा गर्न सकिने खालका आयोजनाहरुलाई प्राथमिकता दिने नीति लिइएको छ । साथै गाउँपालिकालाई प्रत्यक्ष फाइदा पुग्ने ठुला आयोजना निर्माण गर्नका लागि संघ प्रदेश सरकार सँग समन्वय र सहकार्य गर्ने नीति लिइएको छ ।साझा विकास सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गरी अन्तर निकाय समन्वलाई जोड दिइनेछ ।

गाउँवासीको जीवनस्तरलाई माथि उकास्न समग्र नीति तथा कार्यक्रमहरु परिलक्षित भएका छन् । यस पटकको कार्यक्रममा समावेश गर्न नसकिएका अति आवश्यक आयोजनाहरुलाई आगामी कार्यक्रममा समावेश गरिने साथै बिभिन्न निकायहरुसंग समन्वय गरी समाधान गर्ने व्यवस्था मिलाईने छ । गाउँवासी नागरिक स्वरोजगार हुन र उत्पादन भएका स्थानीय स्तरका स्रोत साधनको बजारीकरण होस भन्नाका निम्ति औद्योगिक ग्रामको स्थापना गर्न लागेको जानकारी अनुरोध गर्न चाहान्छु जसका निम्ति जग्गा दाताबाट जग्गा समेत प्राप्त भईसकेको अवस्था छ ।गाउँपालिकाले आम नागरिकको सेवा र सुविधालाई मध्यनजर गर्दै रिक्त दरबन्दीहरुमा करारमा कर्मचारी लिएर पदपुर्ति गरी सेवा प्रवाह गरिरहेको अवस्था छ।त्यस्तै नेपाल सरकारले लागु गरेका ऐन कानुन तथा कार्यविधि र गाउँसभाबाट पारित भएका ऐन कानुन तथा कार्यविधिमा कार्यालय सधै इमान्दार परिपालक भई गाउँपालिका कार्यालयले सेवामुखि भाव लिएर सेवा प्रवाह गरिरहेको जानकारी गराउन चाहान्छु ।संस्थागत सुदृढिकरणका लागि कार्यक्रम तथा तालिम संचालन गर्न कार्यालय सधै तत्पर रहेको कुरा अनुरोध गर्न चाहान्छु साथै इमान्दार र कर्तव्यनिष्ठ कर्मचारीलाई पुरस्कृत गर्ने , अध्ययनशिल, लगनशिल, स्व उत्प्रेरित, उच्च मनोवल र नैतिकवान कर्मचारीबाट सरकारका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन हुने नागरिकले प्रभावकारी सेवा पाउने भएकाले सेवाग्राही सन्तुष्टी सर्वेक्षण गराई स्वतन्त्र ढंगले सेवा प्रवाहको स्तर मूल्याङ्कन गर्ने परिपाटीको थालनी गरिनेछ ।
यस आठराई त्रिवेणी गाउँपालिकाका अधिकांश नागरिक कृषि पेशामा आवद्ध छन त्यसैले कृषकलाई सहयोग गर्नका निम्ति उन्नत बिउ बिजन वितरण, मलखाद विषादी, पशुको नश्ल सुधार, औषधी उपचार तथा प्राविधिक परामर्शका लागि नीति कार्यक्रममा समावेश गरिएको जानकारी गराउन चाहान्छु ।साथै उत्पादन प्रोत्साहन कार्यक्रम मार्फत उत्पादनमा जोड दिइनेछ ।

**गाउँसभाका सदस्यहरू,**

२०७९ साल बैशाख ३० गतेको निर्वाचन पश्चात नवनिर्वाचित जनप्रतिनिधिले करिब २ वर्ष पूरा गरी तेस्रो वर्षमा प्रवेश सँगै गाउँपालिका बासीको जिवनस्तर सुधार गर्नका लागि ल्याइएको तेस्रो नीति तथा कार्यक्रम भएको हुदाँ यसलाई मूर्त रुप दिनका लागि सबैले हातेमालो गर्नु आवश्यक छ । साथै गाउँपालिकामा हुने विकास निर्माणले प्रत्यक्ष रुपमा सबै आम नागरिकको जिवनस्तर उकास्ने किसिमको हुनु जरुरी छ त्यसैले यस अघिको जनप्रतिनिधिले गरेका राम्रा कामलाई आत्मसाथ गर्ने र कमिकमजोरी तथा चुनौतिलाई अवसरको रुपमा परिवर्तन

गरी दिगो विकास र दिगो प्रतिफलमा लक्षित समृद्धिको यात्रा सँगै सुखी गाउँपालिका वासीको गन्तव्यमा पुग्नु पर्नेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अव म क्षेत्रगतरुपमा आगामी आ.व. २०८१/८२  को लागि देहाय बमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**१. पूर्वाधार विकास सम्बन्धी नीतिः**

**"पूर्वाधार विकास गाउँपालिकाको आवश्यकता दिगो विकास पहिलो प्राथमिकता"**

क. गाउँपालिकाको पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण गरि लागु गरिनेछ।

ख. यस आठराई त्रिवेणी गाउँपालिका अन्तर्गत आफ्नै वडा कार्यालय भवनबाट सेवा प्रवाह भईरहेको हुदाँ कार्यालयलाई थप व्यवस्थित गरि संचालन गरिनेछ ।

ग. गाउँपालिकाको केन्द्र र सबै वडाका केन्द्रहरुलाई सडक सञ्जालले जोडिइ सकिएकोले उक्त सडकहरुमा बाह्रै महिना यातायात सुचारु हुने गरि स्तरोन्नत्ति गर्ने कार्यलाई जोड दिइनेछ ।

घ. पूर्वाधार विकासमा अन्य सरकारी, गैर सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग साझेदारी गर्ने नीति लिइनेछ ।

च) निर्मित पूर्वाधार मर्मत संभार गर्नु पर्ने अवस्थामा गाउँपालिकाले खडा गरेको मर्मत संभारकोषबाट प्राथमिकताका आधारमा मर्मत गर्ने नीति लिइनेछ ।

छ) सार्वजनिक परीक्षण अनिवार्य गरी सोको आधारमा मात्र भुक्तानी दिने नीति लिइने छ ।

ज) स्थानीय श्रोत र साधनको अधिकतम प्रयोगलाई प्राथमिकता दिइनेछ ।

झ) सडकको नयाँ ट्रयाक खोल्ने कार्यलाई भन्दा गन्तब्यसम्म नपुगेका सडकहरुलाई गन्तव्यसम्म पुर्याउने तथा पुराना सडकहरुलाई स्तरोन्नती/मर्मत गर्ने कार्यलाई जोड दिईनेछ ।

ञ) विद्यालय, संघ संस्था, समूह आदिका भवनहरु निर्माण गर्दा आधुनिक तथा बालमैत्री, अपाङ्गमैत्री बनाउने नीति लिईनेछ ।

ट) वातावरणमैत्री नीति अवलम्बन गरी भौतिक पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरणमैत्री बनाईनेछ।

ठ) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुसम्म पुग्ने सडक निर्माण तथा स्तरोन्नतीमा जोड दिईनेछ।

ड) महत्वपूर्ण सडक तथा संरचनाहरुको DPR तयार गरी निर्माण सम्पन्न गर्न गाउँपालिका, प्रदेश सरकार तथा संघीय सरकारबाट आवश्यक बजेट जुटाई क्रमशः योजनाहरु कार्यान्वयन गरिनेछ ।

ढ) मुख्यन्त्री कृषि सडक लगायतका स्थानीय, प्रादेशिक, राष्ट्रिय रणनीतिक सडक मार्ग(तेर्सो तथा ठाडो) हरुमा यस गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।

ण) गा.पा भित्रका सबै विद्यालयहरुको अति आवश्यक भवनहरु निर्माण गरिने छ ।

त) ठेक्का लागेका योजनाको काम सम्झौतामा उल्लेखित समयावधीमा सम्पन्न गर्न लगाइनेछ ।

थ) प्रत्येक वडाहरुमा बहुउद्देशीय सामुदायिक भवन निर्माण गर्ने कार्यक्रम अन्तर्गत केही वडाहरुमा निर्माण भई संचालन भइरहेको छ र निर्माण हुन बाँकी वडाहरुमा निर्माण कार्य गरि संचालन गरिनेछ ।

द) दैवि विपत तथा प्राकृतिक प्रकोपमा परी धन जनको क्षति भएको ठाउँमा राहत तथा पुन: निर्माणको काम गरिने छ ।

ध) विद्यालय खेल मैदान निर्माण भवन निर्माण कम्पाउण्ड घेराबारा गर्ने कामलाई प्राथमिकतामा राखिनेछ ।

न) लिम्बु समुदायको वसोबास बढी भएको हुदाँ यहाँको धर्म, संस्कृति एवं भेषभुषालाई संरक्षण, संवर्द्धन र प्रबर्द्धन गर्नका लागि साँस्कृतिक संग्रालय बनाइनेछ एवं विविध साँस्कृतिक कार्यक्रम संचालन गरिनेछ ।

प)२०८३ साल माग मसान्त सम्ममा पालिकालाई बाल मैत्री पालिका बनाई घोषणा गर्ने कार्यक्रम अन्तर्गत २०८२ चैत्र मसान्त सम्ममा सबै वडाहरुलाई बाल मैत्री बनाई घोषणा गरिनेछ ।

**२. पर्यटन सम्बन्धी नीतिः**

**"आर्थिक विकासको आधार पर्यटन पूर्वाधार"**

क) आन्तरिक आय बृद्धि गर्नका लागि प्राकृतिक, भौगोलिक, सामाजिक, जातीय र साँस्कृतिक विविधताको कारण पर्यटन उद्योगको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा पर्यटन व्यवसायमा प्रवर्द्धन गर्नका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

ख) पर्यटकीय स्थल निर्माण कार्य अन्तरगत वडा नं. १ को विगोत पोखरी, धोद्रे, चिलिङसे माङहिम, वडा नं. २ को मूलचोक पाथिभरा, काबेली दोभान, वडा नं. ३ को चुँवाखोला भकारी दह, वडा नं. ४ को तारेभिर गोर्जाटार तथा वडा नं. ५ को माछापोखरीमा पर्यटन पूर्वाधार निर्माणकार्यलाई निरन्तरता दिइनेछ ।

ग) गाउँपालिका भित्र रहेका अन्य धार्मिक ,सांस्कृतिक, प्राकृतिक पर्यटकीय सम्भावना भएका क्षेत्रहरुको पहिचान बिकास, संरक्षण एवं प्रचार प्रसार गरी यस गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा बिकास गर्ने नीति लिइनेछ ।

**३. कृषि तथा पशुपञ्छी सम्बन्धी नीतिः**

**"कृषि तथा पशुपन्छीको विकास र विस्तार**
**समृद्ध आठराई त्रिवेणी निर्माणको आधार"**

क) औद्योगिक ग्रामको पूर्ण रुपमा आवश्यक भौतिक संरचना तयार गरिनेछ र कोल्ड स्टोर समेत निर्माण गरि कृषि उपजको जगेर्णा गरिनेछ ।

ख) विशेष कृषि उत्पादन अन्तर्गत गाउँ र हावापानी सुहाउँदो बालीको पहिचान गरी उन्नत वीउ तथा फलफुलका विरूवा वितरण गर्ने तथा विभिन्न प्रोत्सहानमूलक कार्यक्रमको माध्यमबाट कृषि उत्पादन बृद्धिलाई प्रोतसाहन गर्दै युवाहरुलाई कृषितर्फ आकर्षित गर्ने नीति लिईनेछ ।

ग) कृषिलाई बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा विकास गरी जैविक खेती प्रर्वद्धनमा जोड दिई पूर्णरुपमा व्यवसायीकरण गर्दै लगिनेछ ।

घ) कृषिबाट उत्पादित अन्न तथा नगदेबालीहरुको बजार पहिचान गरी जनताको जीवनस्तर माथि उकास्न गाउँपालिकाको भौगोलिक विविधता अनुसार उपयुक्त जाति प्रजातिका फलफुल खेतिलाई व्यवसायिक रूपमा खेती गर्न प्रोत्साहित गरिनेछ ।

ङ) बेमौसमी तरकारी उत्पादनका लागि टनेल, ग्रीनेट, वीउविजन वितरण र किटनासक औषधी वितरण गर्दै जैविक बिषादी निर्माण गरी कृषि पेशातर्फ प्रोत्साहन गर्ने नीति लिईनेछ ।

च) गाउँपालिका भित्र रहेका खेतीयोग्य जमिनहरुलाई बाँझो नराख्न प्रोत्साहित गरिनेछ ।

छ) रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारीक मल तथा गड्यौले मल उत्पादन तथा प्रयोगमा जोड दिनका साथै भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ज) उन्नत जातका गाई वस्तु र बाख्रा उत्पादन गरी समान लगानी र परिश्रममा बढी आयआर्जन गर्नका लागि नश्ल सुधार गर्दै लगिनेछ ।

झ) गाउँपालिका भित्र रहेका घरपालुवा पशुपन्छीको स्वास्थ्य अवस्था कायम गर्न तथा पशुपन्छीबाट मानव जीवनमा असर पार्न सक्ने बिभिन्न रोगहरुबाट वच्न पशु स्वस्थ्य शिविर तथा एन्टि रेविज भ्याक्सीन कार्यक्रम सञ्चालन गरिने छ ।

ञ) स्थानीय कृषि/पशुजन्य उत्पादनको बिक्रि बितरण सहजीकरण तथा बजारीकरणका लागि परम्परागत रुपमा चल्दै आइरहेका हटियाहरुलाई व्यवस्थित बनाउने कार्यको शुरुवात गरिनेछ ।

ट) प्रत्येक वडामा कृषकलाई बोट विरुवा तथा फलफुलमा लाग्ने किरा तथा बालीनालीको बृद्धि विकास सम्बन्धी कृषि पाठशाला संचालन गरिनेछ ।

ठ) पालिकामा एक मुख्य संकलन केन्द्र र सबै वडाहरुमा शाखा संकलन केन्द्रहरुको स्थापना गरी गाउँगाउँमा उत्पादित सबै खाले कृषि उत्पादनहरुलाई उचित मुल्य सहित बजार सम्म पुर्‍याउने र कृषि बजारको अभावको अवस्थालाई अन्त्य गरिनेछ ।

ड) एक क्षेत्र एक उत्पादन कार्यक्रम अन्तर्गत पालिकाको माथिल्लो भेगमा व्यापक मात्रामा मौरी पालन व्यवसाय तथा तल्लो तथा विच भागमा कफि खेतिलाई विकास र विस्तारका लागि प्रविधि तथा पुजीँ लगानीको व्यवस्था गरिनेछ ।

ढ) पालिकाबाट कृषि विज्ञ उत्पादन गर्न स्नातक तह देखि माथी कृषि अध्ययन चाहनेहरुका लागि अध्ययन पश्चात अनिवार्य ५ वर्ष सेवा गर्ने सर्तमा निशुल्क पढने व्यवस्था गरिनेछ ।

ण) कृषि सिचाईको अभाव भएका स्थानहरुमा सिचाई सुविधा उपलब्ध गराईनेछ ।

त) कृषि तथा पशु बिमाको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

थ) कृषकहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरी कृषि व्यवसायमा आकर्षित गर्न प्रत्येक वडाहरुमा बर्षेनी कृषि प्रदर्शनी मेलाको आयोजना गरिने छ ।

द) पशु विज्ञान स्नातक कक्षा संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।सरस्वती नमुना मा.विमा संचालित पशुविज्ञानलाई “अभ्यासमा आधारित”बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

ध) पशु रोग नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।

न) कृषकको मागमा आधारित कार्यक्रमहरुलाई प्रत्येक वडामा संचालन गरिनेछ ।

**४. शिक्षा सम्बन्धी नीतिः**

**“गुणस्तरीय शिक्षा र रोजगार**

**जिवन समृद्धिको आधार”**

क) शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेप मुक्त गराईनेछ । गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुलाई शान्ति क्षेत्र बनाई बन्द मुक्त घोषणा गरिएको छ यी कार्यक्रमहरुलाई आगामी आ.ब हरुमा पनि निरन्तरता दिइनेछ ।

ख) प्राविधिक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गर्नका लागि थप विद्यालयहरुमा प्राविधिक शिक्षालय स्थापनार्थ आवश्यक प्रकृया अघि बढाईने छ ।

ग) गाउँपालिका क्षेत्रभित्र हाल सञ्चालित विद्यालयहरुको भौतिक तथा उपलब्ध जनशक्तिको अवस्था हेरी स्नातक तहको कक्षा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

घ) शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालय अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन शिक्षा क्षेत्रबाट अवकास प्राप्त व्यक्तिलाई विज्ञको रुपमा प्रतिस्पर्धा मार्फत विज्ञको रुपमा नियुक्त गरि अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाईने छ ।

ङ) सामुदायिक विद्यालयतर्फबाट SEE परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक छात्रा र एक छात्रलाई वार्षिक रुपमा पुरस्कार मार्फत सम्मान गरिनेछ । साथै गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षामा सर्बोकृष्ट विद्यार्थीलाई समेत पुरस्कृत गरिनेछ ।

च) विद्यालय कार्यसम्पादन निर्देशिकामा उल्लेखित सूचकहरुका आधारमा विद्यालय तथा शिक्षकहरुको कार्यसम्पादनको मुल्याङ्कन गरी विद्यालय तथा शिक्षकहरुको कार्य सम्पादनको आधारमा उपयुक्त पुरस्कार तथा दण्ड पुरस्कारको नीतिगष लिईनेछ।

छ) पालिका भित्रका सबै विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराई प्रत्येक विद्यालयमा १/१ वटा ICT को प्रयोग मार्फत कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

ज) शिक्षकहरुको क्षमता अभिवृद्धि तथा पुनतार्जकीका निमित्त बिषयगत रुपमा शिक्षक तालिमको व्यवस्था गरि परम्परागत शिक्षण बिधिलाई निरुत्साहित गर्दै आधुनिक प्रबिधि मैत्री उपचारात्मक शिक्षण बिधि लाई प्रोत्साहित गरिनेछ ।

झ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा शिक्षक अभिभावक संघको अध्यक्षलाई आवश्यकता अनुसार व्यवस्थापन सम्बन्धी तालिम गराई विद्यालयको नियमित पठनपाठनको अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइने छ ।

ञ) हरेक विद्यालयमा शिक्षक, बिद्यार्थी र अभिभावक बिचको अन्तरकृयालाई नियमित गरिने छ ।

ट) सामूदायिक विद्यालयका बालबालिकालाई नियमित रुपमा विद्यालय आउने तथा बालबालिकालाई समयसम्म विद्यालयमा रहिरहने वातावरण मिलाउन बाल कक्षालाई प्रदेश तथा संघीय सरकारहरुसँग सहकार्यमा दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

ठ) गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयका कक्षा १-९ को वार्षिक परीक्षामा एकरुपता कायम गर्न गाउँपालिका स्तरीय परीक्षा संञ्चालनलाई निरन्तरता दिइनेछ ।

ड) गुणस्तर शिक्षा प्रदान गर्न र पालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न अतिरिक्त कक्षा संचालनका लागि अनुदान रकम उपलब्ध गराउनेलाई निरन्तरता दिइनेछ ।

ढ) प्रत्येक वडाबाट एक/एक जना उत्कृष्ट विद्यार्थीलाई गाउँपालिकाले प्राविधिक शिक्षाका लागि अध्ययन खर्चका लागि उपलब्ध गराउने रकम आगामी आ.ब मा पनि निरन्तरता दिइनेछ ।

ण) माध्यमिक तह सम्मलाई निशूल्क गर्ने र दरबन्दी शुन्य भएको उच्च मा.विलाई दुई वटा दरबन्दी बराबरको रकम उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

त) गाउँपालिकामा प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले MBBS Doctor पढ्ने विद्यार्थीहरुलाई कुल रकमको ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

थ) पालिका भित्रका उच्च शिक्षा अध्ययन गर्न चाहने जेहेन्दार, गरिब विद्यार्थीहरुलाई ५० % अनुदान उपलब्ध गराइनेछ ।

द) एक वडा एक विद्यालयमा आनेपान भाषा पढाउने व्यवस्थालाई निरन्तरता दिईनेछ साथै शेर्पा भाषा लगायत अन्य मातृभाषामा पढाइ हुनसक्ने समुदाय रहेका विद्यालयहरुमा मातृभाषा पढाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

ध) सबै विद्यालयमा ई-हाजिरी जडान गरी Central Monitoring को व्यवस्था भईसकेको र जडान गर्न बाँकी सबै विद्यालयहरुमा CCTV जडान गरी गाउँपालिकाबाट अनुगमन गरिनेछ ।

न) विद्यालय शिक्षाको आधार बाल विकास भएकोले वालमैत्री कक्षा कोठा व्यवस्थापनमा जोड दिई वालविकास सहजकर्ताको क्षमता विकास मार्फत वाल सिकाई उपलब्धीलाई प्रतिस्पर्धी बनाइनेछ ।

प) मा.वि सञ्चालन भएको विद्यालयमा कक्षा १-३ अंग्रेजी माध्यम सुरु गरी कक्षा ५ सम्म अनिवार्य गरिनेछ ।

फ) प्रत्येक विद्यालयहरुलाई तहगत रुपमा निःशुल्क शिक्षा १-१२ लाई मध्यनजर गरी प्रशासनिक खर्चको व्यवस्थालाई निरन्तरता दिइने छ ।

ब) प्रत्येक विद्यालयलाई डिजिटल गाउँपालिका अन्तर्गत विद्यालयहरुमा वेभसाइट निर्माण गर्दै सञ्चालनमा ल्याईनेछ ।

भ) पालिका क्षेत्र भित्र रहेका अभिभावक विहिन बालबालिकाहरुको पठनपाठन सुचारुको लागि माध्यमिक तह सम्म शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

म) प्रत्येक ४ महिनाको अन्तरालमा माध्यमिक विद्यालयहरुमा विद्यार्थी सँग पालिका अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

**५. स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नीतिः**

**"स्वस्थ्य हाम्रो पहिलो धन अनि बन्छ समृद्ध र सुखी मानव जिवन"**

१. महामारी रोगहरुको प्रकोप र महामारीको नियन्त्रणका लागि गाउँपालिकाको क्षमता बढाउन गाउँपालिकाको विपत् व्यवस्थापन कोषलाई थप रकम विनियोजन गरि कोषलाई बलियो बनाइनेछ ।

२. स्वास्थ्य चौकीहरुलाई भौतिक तथा स्रोत साधनले सुविधा सम्पन्न बनाउने नीति अनुरुप सबै वडाहरुमा स्वास्थ्य चौकी व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

३. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन सरसफाई अभियान सञ्चालन गरिनेछ ।

४. सबै वडाहरु पूर्ण खोपयुक्त वडा घोषणा भई सकेकाले उक्त कार्यक्रमको दीगोपनाका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

५. गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरुको भौतिक स्रोतसाधन तथा व्यवस्थापनमा सुधार गर्दै लगिनेछ।

६. गाउँपालिका भित्रका दीर्घरोगी, नसर्ने रोग, मानसिक रोग लगायतका रोगहरुको पीडित जनतालाई औषधी उपचारमा सहयोग गर्दै सामाजिक सुरक्षालाई प्राथमिकता दिइनेछ।

७. गाउँपालिका भित्रका कडा रोग लागेका बिपन्न परिवारलाई विपन्न नागरिक सहायता स्वरुप रु २०,००० सम्म सहयोग प्रदान गरिनेछ ।

८. घरभित्रको धुवाँ रहित गाउँपालिका निर्माण गर्न अभियानहरु सञ्चालन गरिनेछ ।

९. सरुवा रोगहरुको संक्रमण नियन्त्रण गर्नका लागि कार्यक्रमहरु ल्याइनेछ। आधारभूत स्वास्थ्य सेवा तथा सरुवा रोग पहिचान तथा उपचारमा सहयोग पुर्याउन ल्याव सेवाहरु क्रमश सबै वडाहरुमा सञ्चालन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०. दाँत, छाला तथा आँखा सम्बन्धी रोगहरुको स्वास्थ्य जाँचका लागि गाउँपालिकामा स्वस्थ्य शिविर सञ्चालन गरिनेछ एवं ज्येष्ठ नागरिकलाई निःशूल्क दाँत लगाइदिने र चस्मा वितरण गर्ने व्यवस्था गरिनेछ ।

११. गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई नियमित स्वस्थ्य जाँच गर्न प्रोत्साहित गरि स्वास्थ्य संस्थाबाटै सुत्केरी गरिने व्यवस्था मिलाईनेछ ।

१२. गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक महिला स्वयं सेविकाहरुलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने छ ।

१३. गाउँपालिका भित्रका सम्पूर्ण सुत्केरी महिलाकाहरुका लागि सुत्केरी सँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ एवं प्रत्येक स्वास्थ्य संस्थाबाट क्यालसियम चक्की वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१४. प्रत्येक वडामा १ वटा बर्थिङ सेन्टर स्थापना गरी सुरक्षित सुत्केरी गराउने व्यवस्था कार्यक्रम अन्तर्गत स्थापना हुन बाँकी वडाहरुमा बर्थिङ सेन्टर स्थापना गरिनेछ ।

१५. अशक्त अपाङ्ग तथा बृद्धाहरुको अवस्थालाई मध्यनजर गरी विभिन्न संघ संस्थाको साझेदारीमा सबै वडामा नि: शूल्क एकीकृत स्वास्थ्य शिविरको व्यवस्था मिलाएको छु ।

१६. निर्माणाधिन १० शैयाको आधारभूत अस्पतालबाट २४ सै घण्टा स्वास्थ्य सेवा प्रबन्ध गरिने छ

१७. बिपन्न वर्गका नागरिकहरुका लागि आपतकालिन स्वास्थ्य समस्या परेको बेला स्वास्थ्य संस्था सम्म लैजान निःशूल्क एम्बुलेन्सको व्यवस्था गरिने छ ।

१८. स्वास्थ्य संस्थामा रहेको औषधी अभावको समस्या हटाई प्रयाप्त औषधी उपलब्ध गराइनेछ ।

१९. विपन्न नागरिक तथा कडा रोग लागेकालाई स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

२०. प्रत्येक विद्यालयमा ६/६ महिनामा १ चोटी विद्यार्थीहरुको स्वास्थ्य जाँच तथा औषधी वितरण गरि सामान्य प्राथमिक उपचारको व्यवस्था गरिनेछ ।

२१. हाङपाङ स्वास्थ्य चौकीमा X-RAY सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन गरि संचालनमा ल्याइने छ ।

२२. स्वास्थ्य चौकीहरुका संचालन तथा व्यवस्थापन समितिहरुलाई स्वास्थ्य सम्बन्धी आधारभूत तालिमको व्यवस्था गरिनेछ ।

२३. घरमा शुन्य सुत्केरी कार्यक्रम संचालन गरिनेछ ।

२४. प्रत्येक विद्यालयहरुमा स्वास्थ्य शिक्षा एवं स्वास्थ्य कार्यक्रम जाँच प्रत्येक ४/४ महिनामा संचालन गरिनेछ ।

२५. **जेष्ठ नागरिक संग जनप्रतिनिधि** कार्यक्रम अन्तर्गत अशक्त अपाङ्ग तथा जेष्ठ नागरिकहरुको प्रत्येक महिना घरघरमा गएर स्वास्थ्य परिक्षण गरिने व्यवस्था गरिनेछ ।

२६. **जनप्रतिनिधि सँग जनताको स्वास्थ्य कार्यक्रम अन्तर्गत** ३० वर्ष देखि माथिका सम्पूर्ण गाउँपालिका भित्रका नागरिकहरुको निःशूल्क सुगर तथा प्रेसरको जाँच प्रत्येक ३/३ महिनामा गर्ने व्यवस्था मिलाइनेछ ।

२७. प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्तनपान कक्षहरुको स्थापना गरि संचालन गरिनेछ ।

**६. सूचना तथा सञ्चार सम्बन्धिी नीतिः**

**"जटिल जिवनलाई बनाउ सरल, सुशासन बृद्धि गर्ने प्रविधिको बल"**

क) गाउँपालिका र पाँच वटै वडा कार्यालयहरुमा सूचना र प्रविधिको महत्वलाई आत्मसात गर्दै इन्टरनेट जडान गरि सकिएको छ । इन्टरनेट सेवालाई दिगो र भरपर्दो बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

ख) वडा मार्फत प्रवाह हुने सेवा कम्प्युटरकृत प्रणाली मार्फत दिनका लागि कर्मचारीहरुको क्षमता विकास गरी कामको सुरुवात गरिनेछ ।

ग) विश्वस्तरमा चलेका प्रविधि इन्ट्रानेट, SMART Village, Software प्रणाली तथा Free WIFI ZONE को सुरुवात गरिनेछ ।

**७. खानेपानी सम्बन्धी नीतिः**

**"पिउ शुद्ध पानी, स्वस्थ्य बनाउँ जिन्दगानी"**

क) स्वच्छ तथा स्वस्थ खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ ।

ख) खानेपानीको मुहान संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ ।

ग) एक घर एक धाराको नीतिलाई प्रोत्साहन गरिनेछ ।

घ) संचालित खानेपानी योजनाहरुको मर्मत र संरक्षणलाई निरन्तरता दिइनेछ ।

**८. प्राकृतिक श्रोत उपयोग सम्बन्धी नीतिः**

**८.१ वनसम्बन्धी नीतिः**

क) सामुदायिक वन समूह तथा निजी वन व्यवसायी मार्फत विरुवा उत्पादनमा अनुदानको व्यवस्था गर्दै लगिनेछ ।

ख) खाली क्षेत्रमा वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिनेछ ।

ग) गाउँपालिकाभित्र नर्सरीको व्यवस्थापन गर्न वन कार्यालयसँग समन्वय गर्दै अगामी दिनमा कार्यक्रमहरु तय गरिनेछ ।

**८.२ जल तथा उर्जासम्बन्धी नीतिः**

क) जलाधार क्षेत्रहरुको संरक्षण गर्दै स्थानीय खोला र मुहानहरुको संरक्षणलाई प्राथमिकता दिइनेछ ।

ख) राष्ट्रिय प्रसारण मार्फत गाउँपालिकाको सबै वडामा विद्युत सेवाको पहुँच विस्तार गरी उज्यालो गाउँपालिका निर्माणमा जोड दिइनेछ ।

ग) सबै वडालाई विद्युतको राष्ट्रिय प्रसारण लाईनमा जोडने र उज्यालो गाउँपालिका बनाउने एवं घरायसी प्रयोजनमा खपत हुने विद्युत महसुल नि: शुल्क गर्ने व्यवस्थालाई आगामी आ.ब हरुमा पनि निरन्तरता दिइनेछ ।

**९. विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

क) गाउँपालिकामा हुन सक्ने सम्भावित प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपद् वाट हुने जनधनको क्षती न्यूनीकरण गर्न गाउँपालिका र प्रत्येक वडाहरुमा विपद् व्यवस्थापन समितिको गठन गरी परिचालन गरिनेछ ।

ख) गाउँपालिका भित्र हुने विपदबाट पीडित स्थानीय गाउँबासीहरुलाई राहत तथा उद्धार गर्नका लागि गाउँपालिकामा एक विपद् व्यवस्थापन कोष स्थापना गरी खर्च व्यवस्थापन गरिनेछ ।

ग) विपत व्यवस्थापन गर्नका लागि पूर्व तयारी गर्ने, विपतको अवस्थामा राहत उपलब्ध गराउने, उद्धार गर्ने एवं पुन: निर्माणको काम गर्ने ।

घ) विपत प्रतिकार्य योजना, आपतकालिन सेवा केन्द्र जस्ता संरचना बनाई पूर्व तयारीको कार्यलाई अगाडी बढाई नागरिकको जीउधनको रक्षामा जोड दिइनेछ ।

**१०. उद्योग सम्बन्धी नीतिः**

क) गरिबी न्यूनीकरणका लागि लघु उद्यमहरुको स्थापना र विस्तारगरी रोजगारी सृजना गर्ने कार्यक्रमहरुको अवलम्बन गरिनेछ ।

ख) गाउँपालिका भित्र सञ्चालित उद्योग तथा व्यवसायको दर्ता गरी अद्यावधिक गरिनेछ ।

ग) पालिका भित्रका उत्कृष्ट उद्यमीलाई प्रोत्साहन रकम उपलब्ध गराउने ।

घ) औद्योगिक ग्राम स्थापनाका लागि नि:शूल्क रुपमा प्राप्त जग्गा चालु आ.बमा DPR गराई विकास साझेदार सँग सहकार्य गरी नागरिकलाई उन्नति र रोजगारी सृजना गरी नागरिकलाई सिर्जना गरी आयआर्जन बृद्धिमा जोड दिइनेछ ।

**११. सामाजिक परिचालन सम्बन्धी नीतिः**

क) सामाजिक परिचालनको माध्यमबाट स्थानीयवासीहरुको विकासमा पहुँच पुर्याउन क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुरुप सञ्चालन भएका सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिंदै लगिनेछ ।

**१२. राजश्व सम्बन्धीनीतिः**

**"हाम्रो गौरव हाम्रो कर, गाउँ विकासमा दीगो भर"**

क) गाउँपालिकालाई सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ साथै संकलित राजश्वलाई गाउँपालिकाको विकासमा उपयोग गरिनेछ ।करको दायरा फराकिलो बनाउन आवश्यक कार्य गरिनेछ ।

ख) सम्पत्ति कर, भूमीकर लगायतको कर शुल्क तोकिएको समय भित्र नै तिर्न प्रोत्साहन गरिनेछ । साथै सेवाग्राहीहरुले सेवा लिन आउँदा राजश्व तिरेको रसिद अनिवार्य पेश गर्नु पर्ने नीति लिइनेछ ।

ग) उद्योग वाणिज्य तथा व्यापार संघ गठन गरी बजार व्यवस्थापन गरिनेछ ।

**१३. भू-संरक्षण सम्बन्धी नीतिः**

क) जलाधार तथा मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) सडक पाखा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दै लगिनेछ ।

**१४. खेलकुद सम्बन्धी नीतिः**

**"खेल खेलौ स्वस्थ्य रहौ"**

क) स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन तथा प्रर्वद्धन गर्न प्रोत्साहन गरिनेछ।

ख) गाउँपालिकामा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको खेलमैदान निर्माण गर्न विशेष पहल गरिनेछ ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरुको उत्पादन गर्नका लागि विशेष नीति अवलम्वन गरी युवालाई तालिमको व्यवस्था गरिनेछ ।

घ) बिभिन्न खेलहरुको बिकास गर्न बिधागत प्रशिक्षणको लागी प्रशिक्षकहरुको व्यवस्था गरी प्रत्येक वडा स्तर तथा विद्यालयहरु मार्फत समन्वय गरी खेलाडी उत्पादनमा जोड दिइने छ ।

ङ) विभिन्न खेलहरु खेल्नका लागी अनिवार्य आवश्यक पर्ने ड्रेस व्यवस्थापनका लागि स्थानिय क्लब तथा विद्यालयहरु संग समन्वय गरी ड्रेस व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।

च) गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन मार्फत पालिका स्तरीय खेल खेलाइ खेलाडिहरु छनौट गरिनेछ ।

छ) गाउँपालिका स्तरिय खेलमैदान क्रमागत रुपले निर्माण गरिनेछ ।

ज) प्रत्येक वडामा कम्तिमा एउटा INDOOR खेल सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने ।

झ) खेल क्षेत्रको विकास र खेलाडी उत्पादनका लागि प्रत्येक वर्ष आठराई त्रिवेणी कप फुटबल तथा भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ ।

**१५. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीतिः**

क) गाउँपालिकाको कृयाकलापलाई पारदर्शी, जवाफदेही र मितव्ययी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, तेस्रो पक्ष मुल्याङ्कन (Third party Evaluation), अनुगमन तथा सुपरीवेक्षण जस्ता विधि तथा प्रकृया प्रभावकारी तुल्याइनेछ ।

ख) वित्तीय कारोबार, जिन्सी लेखा राजश्व प्रणाली सम्बन्धी कार्यलाई व्यवस्थित तुल्याउन कम्प्युटरकृत प्रणाली (SUTRA/PAMS)को सुरुवात गरि संचालनमा रहेको हुदाँ आगामी आ.बहरुमा पनि निरन्तरता दिइनेछ ।

ग) गाउँपालिकाको सेवा प्रवाहका क्रममा उत्कृष्ठ कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन गर्न सम्मान गरिनेछ ।

घ) गाउँपालिकामा सेवा प्रवाहलाई थप व्यवस्थित गर्न हेल्प डेस्क संचालनलाई निरन्तरता दिइनेछ ।

ङ) सूचनाको हक अधिकारको सूचिश्चितताको लागि स्वत प्रकाशन गरिने सूचना प्रचलित कानुन बमोजिम प्रकाशन तथा प्रशारण गरिनेछ ।

च) विषयगत समितिका संयोजकहरु सँग छलफल गरी जिम्मेवार बनाई नियमित बैठक संचालन गरी सन्तुलित क्षेत्रगत विकास गर्नमा जोड दिइनेछ ।

**१६. लक्षित वर्ग सम्बन्धी नीति (महिला, बालबालिका, अपाङ्ग, दलित, जेष्ठ नागरिक, आदिवासी जनजाति, युवा) :**

क) लक्षित बर्गको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

ख) विभिन्न जात जातिका धर्म संस्कृती र परम्परा संरक्षणका लागि गाउँपालिका र वडा स्तरीय कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ग) महिला, आदिवासी जनजाति, दलित, जेष्ठ नागरिक , अपाङ्ग तथा अल्पसंख्यक जातजातिको विकासका बिशेष कार्यक्रमहरु गर्दै जाने नीति लिईनेछ ।

घ) हरेक विद्यालयहरुमा बालमैत्री धारा र बालमैत्री खेलमैदानको निर्माण गर्न अभियान सञ्चालन गरिनेछ।

ङ) जेष्ठनागरिक हरुको सम्मानका लागि विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

च) लक्षित वर्गका समूदायहरुको जीवनस्तर उकास्नका लागि सीपमूलक तालिमको व्यवस्था मिलाउने नीति लिइनेछ ।

छ) युवाहरुलाई सीप सिकाई रोजगारीको सृजना गर्न युवा लक्षित बिशेष कार्यक्रमहरु ल्याईनेछ ।

ज) महिलाहरुको क्षमता बिकास तथा ब्यवसायिक तालिमका लागि आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।

झ) दीर्घरोगी जेष्ठ नागरिक हरुलाई औषधी उपचारमा सहयोग गरिनेछ ।

ञ) विपन्न गर्भवती तथा सुत्केरी महिलाहरुलाई आपतकालिन उद्धार तथा उपाचार कार्यक्रम मार्फत मातृ-शिशु सूरक्षा कार्यक्रमको शुरुवात गरिनेछ ।

ट) स्थानिय स्तरमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरि सिपमुलक कार्यक्रम संचालन गरि महिलालाई आत्मनिर्भर गरिने छ ।

ठ) यस आठराई त्रिवेणी गाउँपालिकाले आ.ब. २०८१/८२ देखि गाउँपालिका, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र करुणा फाउन्डेशन नेपालबीच त्रिपक्षीय लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालनमा ल्याइनेछ । उक्त कार्यक्रममार्फत् हरेक नवजात शिशुमा जन्मदोष परीक्षण गरी जन्मदोष पहिचान भएका शिशुको स्वास्थ्य उपचार, विद्यालयमा रहेका १० वर्ष मुनिका बालबालिकासँग स्वास्थ्य परीक्षण गरी व्यवस्थापन र रोकथामका क्रियाकलाप सञ्चालन गरिनेछ । यस गाउँपालिकाभित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सशक्तिकरण र सामाजिकीकरणका क्षेत्रमा आवश्यक सहयोग प्रदान गरिनेछ । सबै अपाङ्गता भएका व्यक्तिहरुका लागि राज्यले प्रदान गर्ने सामाजिक सुरक्षा कार्यक्रम र सहायता सामाग्री वितरण गरी सरल र सहज जीवनयापनका लागि सहयोग गरिनेछ ।

**१७. गरिवी न्यूनीकरण सम्बन्धी नीति:**

क) गाउँपालिका भित्रका विपन्न सुकुम्बासीलाई आवासका लागि जग्गा व्यवस्थापन गर्न निःशुल्क जग्गादाताको खोजि गरि उचित व्यवस्थापन गरिनेछ ।

ख) **"जस्ताको छानो गाउँपालिकाको सान, फुसको छानो विस्थापित गर्ने हाम्रो अभियान"** भन्ने नाराका साथ गाउँपालिका भित्रका विपन्न तथा दलित परिवारहरुको फुसको छानो भएका घरहरूलाई टिनको छानाको व्यवस्था गरिँदै लगिनेछ ।

ग) बिपन्नलाई सम्पन्न वनाउन सहयोग गर्ने तथा अनाथ टुहुरा वालबालिकालाई पालन पोषण गर्ने व्यक्ति, संघ सस्थालाई सम्मान गरिनेछ ।

घ) नागरिकको अवस्था पहिचान अन्तर्गत तथ्याङ्क संकलन गरी जिवनस्तर सुधार गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**१८. धर्म ,सस्कृति तथा परम्परा सम्बन्धी नीतिः**

क) हिन्दु, बौद्ध, किराँत लगायत सम्पूर्ण धर्मावलम्बीहरुको मठ, मन्दिर, गुम्बा, माङ्हीमहरुको निर्माण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) लोपोन्मुख कला संस्कृतिको खोज गरी जगेर्ना गरिने छ ।

ग) धार्मिक तथा संस्कृतिक पुरातात्विक बस्तुहरुको पहिचान गरी संरक्षण गरिनेछ ।

घ) "अनेकतामा एकता विकासका लागि विविधता" लाई आत्मसाथ गरि पालिका भित्र बसोबास गर्ने सबै जातजाती, धर्म संस्कार संस्कृति बर्ग लिङ्ग क्षेत्रको विकासका लागि कार्यक्रम संचालन गरिनेछ ।

**१९. न्याय सम्पादन सम्बन्धी नीतिः**

**"गरौ मिलाप, नगरौ विलाप "**

क) मेलमिलाप केन्द्रलाई विधि प्रक्रिया अनुसार काम कर्तव्य र अधिकारले सुसम्पन्न गरि सेवा प्रवाह गरिनेछ।

ख) न्यायिक समितिमा परेका विवादहरुलाई तत्काल निराकरण गर्न न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु,

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धिका लागि सामाजिक आर्थिक क्षेत्र गतिशिल भै आर्थिक वृद्धि र पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुने छ । यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम प्रस्ताव गर्दा संघ,प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी विकासलाई समावेशी र समन्यायिक बनाउदैं मानव संशाधन विकास, रोजगारी श्रृजना र सुशासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखिएको छ ।

अन्तमा देश भित्र र बाहिर रहनु भएका गाउँबासीहरु आमावुवा, दाजुभाइ तथा दिदिवहिनिहरु, जनप्रतिनिधि,राष्ट्रसेवककर्मचारी, राजनीतिक दलका प्रतिनिधि, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचारकर्मी तथा सम्पुर्ण गाउँवासीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै आपसी एकता सहित समुन्नत आठराई त्रिवेणी निर्माणमा एकाकार हुन सम्पुर्णमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

दिपन्द्र पोमु
गाउँपालिका अध्यक्ष